आज मिति २०८१ साल मंसिर २८ गतेका दिन यस सान्नीत्रिवेणी गाउँपालिकाका अध्यक्ष श्री मोहन बहादुर के.सी.ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी निर्णयहरु पारित गरियो।

उपस्थिति:

| सि.नं. | नाम थर | पद | वडा नं. | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | मोहन बहादुर के.सी. | अध्यक्ष | ९ | ९८६१९३२९६० | |
| २ | पार्वती सिंह (संज्याल) | उपाध्यक्ष | ६ | ९८४९६६२४७१ | अनुपस्थित |
| ३ | बैकुण्ठराज गिरी | वडा अध्यक्ष | १ | ९८४७९१६८०९ | अनुपस्थित |
| ४ | वसन्त बहादुर बुढा | वडा अध्यक्ष | २ | ९८५८३२१०६५ | |
| ५ | रंगलाल देवकोटा | वडा अध्यक्ष | ३ | ९८४८३०१४४१ | |
| ६ | देवनाथ योगी | वडा अध्यक्ष | ४ | ९७४८९०६३१४ | |
| ७ | रामराज बम | वडा अध्यक्ष | ५ | ९८६१६५५७४० | |
| ८ | नहकुल संज्याल | वडा अध्यक्ष | ६ | ९८४८५३९८४४ | |
| ९ | जय प्रसाद सिम्खाडा | वडा अध्यक्ष | ७ | ९८४८३६०१०० | |
| १० | नौलासिंह बुढा | वडा अध्यक्ष | ८ | ९७४६५२८५६६ | |
| ११ | नरपती तिरुवा | वडा अध्यक्ष | ९ | ९८४८३५८५४२ | |
| १२ | रुपकला शाही | कार्यपालिका सदस्य | ४ | ९८६५२५३४०७ | |
| १३ | जमुना कुमारी सहकारी | कार्यपालिका सदस्य | ९ | ९७४२२६१६१० | |
| १४ | अम्मकला देवकोटा | कार्यपालिका सदस्य | ३ | ९८४८३३०३७३ | अनुपस्थित |
| १५ | गोमा सिम्खाडा | कार्यपालिका सदस्य | ७ | ९८४८६६८६०२ | गोमा |
| १६ | झ्यापा सार्की | कार्यपालिका सदस्य | १ | ९८४३७७०२२६ | |
| १७ | भरत वि.क. | कार्यपालिका सदस्य | १ | ९८५११५५६०२ | |
| १८ | सुदर्शन बम | सदस्य सचिव | | ९८५८३२११३० | |

मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष

**प्रस्तावहरु**

१. लिखित जवाफ आख्तियारी सम्वन्धमा ।

२. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्वन्धमा ।

३. वडा नं ५ को सडक ग्रावेल सम्वन्धमा ।

४. पुर्ण साक्षरता गाउँपालिका घोषणा सम्वन्धमा ।

५. वडा नं ९ को वडा कार्यालय निर्माण सम्वन्धमा ।

६. ईजाजत पत्र दिने सम्वन्धमा।

७. सान्नीत्रिवेणी गाउँपालिकाको १० वर्षे शिक्षा क्षेत्र योजना पारित सम्वन्धमा ।

८. संघ र प्रदेशमा समपुरक र विशेष अनुदान माग गर्ने सम्वन्धमा ।

९. करार सम्झौता सम्वन्धमा ।

१०.राहत सम्वन्धमा ।

११.सडकमा पहिरो पन्छाएको भुक्तानि दिने सम्वन्धमा ।

**निर्णयहरु**

**प्रस्ताव नं. १** माथि छलफल गर्दा यस सान्नीत्रिवेणी गाउँपालिका ऐ गाउँ कार्यपालिकाका अध्यक्ष श्री मोहन बहादुर के.सी. ऐ का प्रमुख प्रशासकिय अधिकृत श्री नेत्रराज शाही समेत विरुद्ध उच्च अदालत सुर्खेत, जुम्ला इजलासमा वन्दना के.सी उत्प्रेषण परमादेश को रिट निवेदन दर्ता गरी सो उपर लिखित जवाफ दर्ता हामीलाई सूचना म्याद थप भएको हुँदा सबै प्रत्यार्थीको तर्फबाट उच्च अदालत सुर्खेत, जुम्ला इजलास गई लिखित जवाफ दर्ता गर्न र मुद्धाको प्रक्रिया अनुसार रहन हुन जिल्ला जुम्ला कनका सुन्दरी गाउँपालिका वडा नं. २ वस्ने राम बहादुर रावतको छोरा वर्ष १९ का दिपेन्द्र रावतलाइ अख्तियारी नाममा दिने निर्णय पारित गरियो।

**प्रस्ताव नं.२** (क) माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८१/०८२ मा यस गाउँपालिकाको वडा नं ५ मा सञ्चालन हुने श्री विद्यामन्दिर आ.वि. फिल्ड निर्माण योजना छनौट भएकोमा उक्त योजना रेडक्रस नेपालले सञ्चालन गर्ने भएको हुँदा सो योजनाको ठाँउमा अल्काबाडी देखि गोहोड हुँदै तलिगाउँ छहडेखोला सम्म गोरेटोबाटो निर्माण गर्ने गरी योजना संसोधन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २** (ख) माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८१/०८२ मा यस गाउँपालिका वडा नं. ८ मा गैरा जाने बाटो देखि आँखीबुझ सम्म पर्खाल निर्माण योजना छनौट भएकोमा उक्त योजनामा काम गर्न कठिनाइ हुने भएकोले सो योजनाको ठाउँमा जाखुडा देखि मुम्रा चौर सम्म गोरेटो बाटो निर्माण गर्ने गरी योजना संसोधन गर्ने निर्णय गरियो।

मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष

**प्रस्ताव नं. ३** माथि छलफल गर्दा आ.व २०८१/०८२ मा गाउँ सभा बाट पारित वडा नं.५ ग्रावेल सडकको गत आ.व.२०८०/०८१ भुक्तानीको दिन बाँकि योजनामा विनियोजित १५,००,०००।- ( अक्षररुपी पन्ध्र लाख मात्र ) तपसिलका योजनामा रकम विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

१.बाछाना देखि रिष्कोट सम्म सडक स्तर उन्नती रु.३,५०,०००। (अक्षरुपि तिन लाख पचास हजार मात्र )

२. टाट्क देखी तिल्खुरेनी सम्म सडक मर्मत तथा सम्भार कार्य रु.४,५०,०००। (चार लाख पचास हजार मात्र)

३. चुच्चे ढुङ्गामोड सडक स्तर उन्नती रु.३,००,०००। ( तिन लाख मात्र )

४. देवार रुख देखी अल्काबारी सम्म सडक मर्मत तथा सोईलिङ रु. ४,००,००० (चार लाख मात्र)

**प्रस्ताव नं. ४** माथि छलफल गर्दा यस सान्नीत्रिवेणी गाउँपालिका लाई पौस मसान्त सम्म पुर्ण साक्षरता पालिका घोषणा गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५** माथि छलफल गर्दा यस सान्नीत्रिवेणी गाउपालिका अन्तरगत साविक मुम्रा गा बि स वडा नं ५ को कित्ता नं १६४ र क्षेत्रफल ५५१० वर्ग मिटर हाल सान्नी त्रिवेणी गाउँपालिका वडा नं. ९ को वडा कार्यालय भवन निर्माण गर्नको लागि आवश्यक परेको भनि वडा नं. ९ को मिती २०८१/०८/२६ गतेको निर्णय नं. १ अनुसार यस कार्यपालिको बैठकमा व्यापक छलफल गर्दा सो निर्णय अनुसार गाउँ कार्यपालिकाले आवश्यक ठानी सो जग्गा उपलब्ध गर्नको लागि जिल्ला मालपोत कार्यालय कालीकोट र नापि कार्यालय कालिकोटमा आवश्यक प्रक्रियाहरु पुरा गरि जग्गा पास गर्दा कुनै पनि फरक नपर्ने निर्णय सर्वसम्वत बाट पारित गरियो ।

**प्रस्ताव नं. ६** माथि छलफल गर्दा एन.बि.निर्माण सेवा सान्नीत्रिवेणी गाउँपालिका वडा नं. २ ले सबै प्रक्रियाहरु पुरा गरी आएको हुँदा ईजाजत पत्र दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ७** माथि छलफल गर्दा यस सान्नीत्रिवेणी गाउँपालिकामा शैक्षिक गुणस्तर सुधार गर्नकालागि शैक्षिक सरोकारवालाहरुको सहभागिता, मुल समितीको निर्देशन, सल्लाहकार समितीको राय सुझाव, विभिन्न बिषयगत समिती र लेखन समिती द्धारा तयार पारिएको १० बर्षे शिक्षा क्षेत्र योजना पारित गर्ने निर्णय सर्वसम्वत गरियो ।

**प्रस्ताव नं. ८** मा छलफल गर्दा आ व २०८२/०८३ का लागि संघिय र प्रदेश सरकारमा समपुरक र विशेष अनुदानमा तपशिलका योजनाहरु माग गर्ने निर्णय सर्वसम्वत गारित गरियो ।

**संघिय समपुरक अनुदान**

सडक- लुयाँटा खोला देखी काल ढुङ्गा हुँदै रकु सम्म सडक निर्माण वडा नं २ र ३

**प्रदेश समपुरक अनुदान**

सडक- लौंताबगर दुनिके हुँदै छापे सम्म सडक निर्माण वडा नं ८ र ९

मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष

**संघीय विशेष अनुदान**

शिक्षा- न्युनतम साक्षरता भएका क्षेत्रको शैक्षिक विकासका लागि विशेष शैक्षिक कार्यक्रम

**प्रदेश विशेष अनुदान**

स्वास्थ्य - बाल मृत्युदर तथा मातृ मृत्युदर अत्यधिक भएको क्षेत्रहरुमा प्रदान गरिने स्वास्थ्य सम्बन्धि विशेष कार्यक्रम

**प्रस्ताव नं. ९** माथि छलफल गर्दा यस सान्नीत्रिवेणी गाउँपालिकामा संचालित आधारभुत अस्पतालमा कार्यरत स्थायी हे.अ पाँचौ एलिजा शाही अध्ययन बिदामा गएको हुँदा सो पदमा करार हे.अ पाँचौ १ जना तथा यस गाउँपालिका वडा नं.७ को वडा कार्यालय र आधारभुत स्वास्थ्य सेवा केन्द्र वडा नं.७ का कार्यालयमा २ जना कार्यालय सहयोगीको पद रिक्त रहेको हुँदा हाल सम्म काम गर्दै आएका व्यक्तिहरुलाई आवश्यक प्रक्रिया पुरा गरी करार सम्झौता गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १०** माथि छलफल गर्दा यस गाउँपालिका वडा नं. ७ बस्ने श्री राम प्रसाद सिम्खाडाको घरमा मिती २०८१/०७/१५ गते घरमा आगलागि भई घर पुर्ण रुपमा क्षेती भएको सम्पुर्ण विवरणहरु प्राप्त भए अनुसार निज व्यक्तिलाई घरमा लाग्ने ९ फुटे २२ वटा जस्तापाता राहत स्वरुप दिनकोलागि आवश्यक रकम व्यवस्थापन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.११** माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं.७ को तुसार खोला देखी मुम्रा सम्मको सडकमा पहिरो पन्छाउन लागेको रकम भुक्तानि दिनकोलागि विविध शिर्षक बाट बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

मोहन बहादुर के.सी.
गा.पा. अध्यक्ष